## ७१ औं कार्यपालिका बैठक

आज सम्वत् २०७७ साल पौष २३ गते विहिवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ~~बाबुराम न्यौपाने~~ कृष्ण ब. दहाल | ७ नं. वडा ~~अध्यक्ष~~ प्रतिनिधि | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री लक्ष्मण मैनाली | शाखा अधिकृत | |
| २२ | श्री विमल रानामगर | कार्यालय सहयोगी | |

**छलफल तथा प्रस्तावका विषयहरु :**

१. सङ्घीय समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।

२. सङ्घीय विशेष अनुदान माग गर्ने सम्बन्धमा ।

३. गत आर्थिक वर्षका योजनाको लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा ।

४. वडा नं. ३ मा स्वास्थ्य चौकीको लागि जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

५. नदीजन्य पदार्थको ढुवानीका साधनको प्रकृति अनुसार राजस्व दर सम्बन्धमा ।

६. सेवा करार शिक्षक पदपुर्ति तथा प्रधानाध्यापक छनौट र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

७. पाँच शैयाको (५ वेड) अस्पताल भवन निर्माण सम्बन्धमा ।

८. विविध ।

## निर्णयहरु

### निर्णय नं. १

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०७७/०८/३० मा प्रकाशित आ.व. ०७८/०७९ का लागि सङ्घीय समपुर अनुदान अन्तर्गत सञ्चालन गरिने योजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम देहायका योजनाहरुका लागि अनमुदान माग गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | योजना तथा कार्यक्रम | गाउँपालिका | संघ | जम्मा |
|---|---|---|---|---|
| १. | अंधेरीखोला हटिया खिरबोटे महालक्ष्मी सडक स्तरोन्नती, वडा नं. ६ | रु ६० लाख | रु ६० लाख | रु १ करोड २० लाख |
| २. | ताप्राङखोला तावल सल्लेरी ताजिम्राङ सडक स्तरोन्नती, वडा नं. २ र १ | रु ६० लाख | रु ६० लाख | रु १ करोड २० लाख |
| ३. | गिद्धेडाँडा भंगेरी सल्लाघारी भैसे सडक स्तरोन्नती, वडा नं. ७ र ६ | रु ६० लाख | रु ६० लाख | रु १ करोड २० लाख |
| ४. | गुम्दी छेलाङ चिमचोक ताप्राङखोला सडक स्तरोन्नती, वडा नं. ३ | रु ६० लाख | रु ६० लाख | रु १ करोड २० लाख |
| ५. | खोलाखेत कात्तिके मण्डली सडक स्तरोन्नती, वडा नं. ५ | रु ६० लाख | रु ६० लाख | रु १ करोड २० लाख |
| **जम्मा** | | **रु ३ करोड** | **रु ३ करोड** | **रु ६ करोड** |

### निर्णय नं. २

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०७७/०८/३० मा प्रकाशित आ.व. ०७८/०७९ का लागि सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने योजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम तोकिएको कूल लागतको सीमाभित्र (कम्तिमा रु ५० लाख र बढीमा रु १० करोडसम्म) रही देहायका योजनाहरुका लागि अनुदान माग गर्ने निर्णय गरियो ।

**तपसिल:**

(क) बरदान स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ३, गुम्दी

(ख) बसेरी स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ६, बसेरी

(ग) गंगाजमुना बृहत कृषि तथा पशु पालन कार्यक्रम

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धादिङ

बल बहादुर अधिकारी
अध्यक्ष

(घ) कैजले लिफ्ट खानेपानी योजना, वडा नं. ५

(ङ) कुताल खानेपानी योजना, वडा नं. २

(च) ताजिम्राङ खानेपानी योजना, वडा नं. १

(छ) घ्याङखोला बुढाथुम खानेपानी योजना (साविकको वडा नं. १, २, ३ र ४) वडा नं. ७

(झ) आफलखोला खानेपानी योजना, वडा नं. ५

(ञ) फलाङ्गे खानेपानी योजना, वडा नं. ४

**निर्णय नं. ३**

आ.व. ०७६/०७७ मा ठेक्का सम्झौता भै कार्यान्वयनमा रहेका प्रदेश समपुरक तथा प्रदेश पूर्वाधार विकास साझेदारी अन्तर्गतका देहायका योजनाहरुका लागि यस आ.व. ०७७/०७८ मा बजेटको सुनिश्चितता नभएकोले त्यस्ता योजनाको कार्यसम्पन्न पश्चात भुक्तानी गर्नका लागि यस आर्थिक वर्षमा तपसिलमा उल्लेखित योजनाहरुको ठेक्का सम्झौता भै बोल कवोलमा घटेको बाँकी रहेको रकमबाट भुक्तानीको लागि मिति २०७७/०९/०३ मा गाउँपालिकाका अध्यक्षबाट स्वीकृत फाइल अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट | ठेक्का सम्झौता रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भाँजा रातमाटे सातदोबाटे सडक स्तरोन्नती | ४०००००० | १९५९००० | २०४१००० | |
| २ | तीनखण्डे मजुवा डाँडागाउँ भैसे मान्बु सडक स्तरोन्नती | ५०००००० | ३७५८००० | १२४२००० | |
| ३ | गिद्धेडाँडा अंधेरीखोला भंगेरी सल्लेघारी मान्बु सडक स्तरोन्नती | ४०००००० | २६१४००० | १३८६००० | |
| ४ | गुम्दी छेलाङ चिम्चोक सडक स्तरोन्नती | २५००००० | १९४३००० | ५५७००० | |
| ५ | अंधेरी भ्याकुरे लाकुरीबोट सडक स्तरोन्नती | २०००००० | १३४२००० | ६५८००० | |
| ६ | हे.पो. चाचुली अंधेरीखोला सडक स्तरोन्नती | २०००००० | ११३९००० | ८६१००० | |
| | **जम्मा रकम** | | | ६७४५००० | |

| सि.नं. | बजेट सुनिश्चित गर्ने पर्ने योजनाहरु | आवश्यक रकम |
|---|---|---|
| १ | ताप्राङखोला लताव धुसेनी तावल सल्लेरी सडक स्तरोन्नती | ४३७५००० |
| २ | ताजिम्राङ किचेत मोटरबाटो नयाँ ट्याक | २३७०००० |
| | **जम्मा रकम** | ६७४५००० |

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

**निर्णय नं. ४**

गंगाजमुना गाउँपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी भवन निर्माणको लागि सोही वडा निवासी (साविक गुम्दी गाविस वडा नं. २, वर्दन) श्री मान बहादुर गुरुङ (ना.प्र.प.नं. ११८२७) ले आफ्नो नाममा दर्ता कायम रहेको जग्गाको उत्तर तर्फ २ ग, कित्ता नं. १४९, क्षेत्रफल २-४-०-२ मध्ये १-०-०-० (रोपनी) जग्गा वर्दन स्वास्थ्य चौकीको भवन निर्माणको लागि निःशुल्क दिन राजी भएको भनी गाउँपालिकामा सम्बन्धित वडा कार्यालयको निवेदन पेश हुन आएकोले उक्त जग्गाको बारेमा बुझिलिंदा त्यस जग्गामा स्वास्थ्य चौकीको भवन निर्माण गर्न उपयुक्त रहेको, सेवाग्राहीलाई सहज र सुगम हुने, जग्गा सम्बन्धी कुनै पनि विवाद एवं झगडा, दावी विरोध नभएको तथा तहाँ स्वास्थ्य चौकीको भवन निर्माण गर्दा सडक बत्ति, पानी, संचार, पार्किङ्ग लगायतका सुविधा भएकोले गर्दा सो जग्गा गंगाजमुना गाउँपालिका, धादिङ्गको नाममा जग्गा प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ घ (६) मा भएको व्यवस्था, बागमती प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा मिति २०७७/०४/०१ को ६६ औं कार्यपालिका बैठकको निर्णयानुसार गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आन्तरिक आय तर्फ आँखु खोला र बुढी गण्डकीबाट ढुंगा, गिट्टी, बालुवाको राजश्व असुली सम्बन्धीको कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्धारा गराउन पटक पटक गरी सूचना प्रकाशन गरेकोमा कुनै पनि फर्म वा कम्पनीको बोलपत्र पेश हुन नआएकोले आँखु खोला तथा बुढीगण्डकीबाट विभिन्न प्रकृतिका ढुवानीका साधनहरुबाट नदीजन्य पदार्थ संकलन एवं ढुवानी गर्दा ढुवानीका साधनहरुको प्रकृति एवं नदीजन्य पदार्थको परिमाणको आधारमा मिति २०७७/०६/२९ मा ६९ औं कार्यपालिका बैठकबाट निर्धारण गरेकोमा छिमेकी गाउँपालिकाको दररेट भन्दा केही बढी देखिन आएकोले पुनः गाउँपालिकाको प्राविधिक सहित ढुवानीका साधनहरुको नदीजन्य पदार्थ ढुवानी क्षमता आयतन मापन गर्दा केही थपघट पाईएकोले साविकको विवरणमा केही संशोधन गरी देहायका दररेट बमोजिम मिति २०७७/०९/०९ देखि राजश्व संकलन गर्ने कार्य गरेको हुँदा उक्त दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

<u>संकलन तथा निकासी शुल्क</u>

| क्र.सं. | विवरण | परिमाण घ.फि. | प्रदेश सरकारले निर्धारण गरेको संकलन तथा निकासी कर प्रति घ.फि. रु. | मू.अ.कर रु. | जम्मा कर प्रति घ.फि. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | ठूलो ट्रिपर | २६० | ९ | १।१७ | १०।१७ | २६४५/- |
| २. | आइचर | १५० | ९ | १।१७ | १०।१७ | १५२५/- |
| ३. | फोरह्विल (स्वराज) | १०० | ९ | १।१७ | १०।१७ | १०००/- |
| ४. | निसान | १२५ | ९ | १।१७ | १०।१७ | १२७०/- |
| ५. | ट्याक्टर | ७५ | ९ | १।१७ | १०।१७ | ७६०/- |

<u>निर्णय नं. ६</u>

यस गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने सेवा करार, राहत तथा संघ, प्रदेश सरकारको अनुदान सहयोगमा शिक्षक पदपूर्ति गर्दा सो सँग सम्वन्धित प्रक्रियालाई पारदर्शी, मर्यादित, व्यवस्थित बनाउन र सामुदायिक विद्यालयहरुमा योग्य र क्षमतावान प्रधानाध्यापक प्रतिस्पर्धाको आधारमा छनौट गरी सामुदायिक विद्यालयहरुमा व्यवस्थापकीय पक्ष एवं शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएको हुँदा आवश्यक परिमार्जन सहित **<u>सेवा करार शिक्षक पदपुर्ति तथा प्रधानाध्यापक छनौट र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७</u>** आगामी कार्यपालिका बैठकमा पुनः पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

नेपाल सरकारको चालु आ.व.०७७/०७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गरिनेछ भन्ने नीति अनुरुप आ.व.०७७/०७८ मा यस गाउँपालिकामा ५ शैयाको अस्पताल भवन निर्माण गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार भएको र सो प्रतिवेदन अनुसार (Including 5 components: Hospital building, Guard house, Water tank, Retaining wall and cut fill, Access road) कुल लागत रु ८,०४,४९,६१४।९२ (अक्षरमा आठ करोड चार लाख उनान्चास हजार छसय चौध रुपैया बयानब्बे पैसा मात्र) रहेकोछ । साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रु ७,११,९८,०००/- (अक्षरमा सात करोड एघार लाख अन्ठानब्बे हजार मात्र) कुल लागत अनुमान सीमा तोकिदिएको हुँदा सो बजेटको सीमाभित्र रही रु ७,०६,६७,३४३।८८ (अक्षरमा सात करोड छ लाख सट्सठ्ठी हजार तीनसय त्रिचालिस रुपैया अठासी पैसा मात्र) बाट Three components: Guard house, Water tank and Hospital Building को कार्य गर्ने तर

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

अस्पतालको विस्तृत परियोजना प्रतिवेदन बमोजिमका सम्पूर्ण कार्य गर्न संघीय सरकारबाट विनियोजित बजेटले मात्र नपुग्ने भएको हुँदा आ.व. ०७७/०७८ मा प्रदेश सरकारको सशर्त बजेट अन्तर्गत "स्थानीय तहमा अस्पताल/स्वास्थ्य चौकी भवन निर्माण अनुदान फुलखर्क स्वा.चौकी Primary B3" शीर्षकमा विनियोजित रु १ करोड बजेटको सीमाभित्र रही उक्त अस्पतालको विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) बमोजिम बाँकी Two components: Retaining wall and cut fill, Access road को कार्य यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो ।

**विविध:**

**(क)** गंगाजमुना गाउँपालिका वडा नं. ७ स्थित बुढाथुम स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. श्री सुनिता अधिकारी कोभिड-१९ बाट संक्रमित भै लामो समयसम्म सिकिस्त विरामी हुनु भएकोले निजको उपचारार्थ करीक १ लाख भन्दा बढी खर्च भएको हुँदा गाउँपालिकाको विपद् तथा प्रकोप व्यवस्थापन कोषबाट उपचार खर्च वापत रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**(ख)** गंगाजमुना गाउँपालिका वडा नं. ३ मा सामुदायिक भवन निर्माणको लागि सोही वडा निवासी (साविक गुम्दी गाविस वडा नं. २, वर्दन) श्री पदम बहादुर गुरुङ (ना.प्र.प.नं. २१/२०२-०३७/३८) ले आफ्नो नाममा दर्ता कायम रहेको जग्गाको दक्षिण तर्फ गुम्दी ४ क, कित्ता नं. १३३, क्षेत्रफल २-१३-२-२ मध्ये ०-१२-०-० (आना) जग्गा गुम्दी सामुदायिक भवन निर्माणको लागि नि:शुल्क दिन राजी भएको भनी गाउँपालिकामा सम्बन्धित वडा कार्यालयको निवेदन पेश हुन आएकोले उक्त जग्गाको बारेमा बुझिलिंदा त्यस जग्गामा सामुदायिक भवन निर्माण गर्न उपयुक्त रहेको, नागरिकहरुलाई सहज र सुगम हुने, सो जग्गा सम्बन्धी कुनै पनि विवाद एवं झगडा, दावी विरोध नभएको तथा तहाँ भवन निर्माण गर्दा सडक बत्ति, पानी, संचार, पार्किङ्ग लगायतका सुविधा भएकोले गर्दा सो जग्गा गंगाजमुना गाउँपालिका, धादिङ्गको नाममा जग्गा प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**(ग)** आ.व. ०७६/०७७ मा योजना तर्जुमा भएको तर कोभिड-१९ को कारणले गर्दा सम्पन्न हुन नसकेका देहायका योजनाहरुका लागि बजेट व्यवस्था गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

(१) छुनुऊ तावल बेसी सडक स्तरोन्नती, वडा नं. २ रु १५,००,०००/-

(२) रिङ्ने बगुवा फलाङ्गे सातदोबाटो सडक स्तरोन्नती, वडा नं.४ रु १२,४०,०००/-

(३) किन्ताङफेदी साल्दुम सातदोबाटो सडक स्तरोन्त्ती, वडा नं. ४ रु १३,४०,०००/-

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ

बल बहादुर अधिकारी
अध्यक्ष

**(घ)** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५२ मा उद्यम विकास सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि प्रत्येक स्थानीय तहमा उद्यम विकास समिति रहने व्यवस्था भए बमोजिम देहायका पदाधिकारीहरु रहने गरी एक उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

**(ङ)** यस गंगाजमुना गाउँपालिका वडा नं. ७, बुढाथुम स्थायी निबासी तथा ७ नं. वडा अध्यक्ष श्री बाबुराम न्यौपानेको ममतामयी आमा श्रीमती यदु कुमारी न्यौपानेको यही मिति २०७७ साल पौष २० गते असामयिक निधन भएको हुँदा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै मृत आत्माको चिरशान्तीको कामना गरियो ।

**(च)** आ.व. ०७५/०७६ मा यस गाउँपालिकाले कार्यालयको लागि थान - १ एर्कोपीयो पिकअप प्रचलित कानून बमोजिम टेण्डर प्रक्रिया मार्फत अग्नी इन्कर्पोरेटेड प्रा.लि. पानीपोखरीबाट खरिद गरिएकोमा उक्त कम्पनीको विल बमोजिम भुक्तानी गर्दा नियमानुसार धरौटी रकम कट्टा गरी सो वापतको रकम धरौटी खातामा जम्मा नभई गत आ.व. को मौजदात रकममा रहेकोले भुक्तनी गर्न समस्या भएको हुँदा रु १,६७,७००/- (अक्षरमा एक लाख सठ्सठ्ठी हजार सातसय मात्र) अग्नी इन्कर्पोरेटेड प्रा.लि. पानीपोखरीलाई कन्टिन्जेन्सी रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**(छ)** गाउँपालिकाबाट प्रदान गरिने एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा नागरिकको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले **एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष